# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

*India's National Spiritual Newspaper*

₹ 10/-

ECHO OF HIS CALL SINCE 1969 — 1969 to 2029

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

**Editor : S. SAM SELVA RAJ** | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXVI | YEAR OF OUR LORD JESUS CHRIST, 2026 FEBRUARY | No. 02


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।

**भजनसंग्रह ३४:१५-२२**

१५. परमप्रभुको नजर धर्मात्माहरूमाथि रहन्छ र उहाँले तिनीहरूको पुकारा सुन्नुहुन्छ ।

१६. परमप्रभुको मुहार खराबी गर्नेहरूका विरुद्धमा हुन्छ अनि उहाँले तिनीहरूको स्मृतिसम्म पनि धरतीबाट मेटाइदिनुहुनेछ ।

१७. जब धार्मिक जनहरूले पुकारा गर्छन्, तब परमप्रभुले सुन्नुहुन्छ र तिनीहरूका सबै सङ्कष्टबाट तिनीहरूलाई उद्धार दिनुहुन्छ ।

१८. चूर्ण हृदय भएकाहरू सबैका नजिक परमप्रभु हुनुहुन्छ र निरास भएकाहरूलाई उहाँले बचाउनुहुन्छ ।

१९. धार्मिक मानिसलाई धेरै विपत्ति आइलाग्छन् तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार दिनुहुन्छ ।

२०. परमप्रभुले त्यसका सबै हाडहरूको रक्षा गर्नुहुन्छ । तिनमा एउटै पनि भाँचिँदैन ।

२१. खराबीले दुष्टलाई नष्ट पार्दछ र धार्मिक जनका विरोधीहरू जति दोषी ठहरिनेछन् ।

२२. परमप्रभुले आफ्ना दासहरूका जीवन उद्धार गरिदिनुहुन्छ, उहाँमा शरण लिने कोही पनि दोषी ठहरिनेछैन ।

# तपाईंको पूर्ण समर्पणताले प्रशस्त आशिषमा डोऱ्याउनेछ

**YOUR COMPLETE SURRENDER WILL LEAD TO ABUNDANT BLESSINGS!**

### बहिनी एन्जल





हाम्रो प्रभु येशू ख्रीष्टको अमूल्य नाउँमा अभिवादन ।

म विश्वास गर्छु र प्रार्थना गर्दछु कि तपाईंको आशिषित जनवरी र वर्षको बलियो सुरुवात भएको थियो । धेरै मानिसहरूका निम्ति विभिन्न तरिकाहरूमा चुनौतीको महिना हुन सक्छ । मेरो प्रार्थना यही छ, जसै तपाईं सन् २०२६ मा आफ्नो यात्रा अघि बढाउनुहुनेछ, परमेश्वरको शान्ति, अनुग्रह र शक्तिले तपाईंलाई निरन्तर कायम राख्नेछ ।



असल सुरुवात महत्वपूर्ण हुन्छ तर त्योभन्दा महत्वपूर्ण हामीले कसरी पूरा गऱ्यौं भन्ने हुन्छ । म प्रार्थना गर्दछु कि परमप्रभुले यो वर्ष फलदायी र येशू ख्रीष्टमा विजयी बनाउनुहुनेछ र सन् २०२६ को अन्त्य अझ महिमित र सुरुवातभन्दा धेरै आशिषित हुनेछ ।

बाँकी पृष्ठ ३ मा


**बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल**



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतबार सेवा: बिहान ८:३० बजे**

★ Please Subscribe and Share ★

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)
Estd. 1969



# तपाईंको प्रिय भाइबाट....

**परमप्रभुले तिमीलाई शिर तुल्याउनुहुनेछ, पुच्छर होइन - (व्यवस्था २८:१३) ।**



## हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

**HON. EDITOR-IN-CHIEF**
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
**EX MANAGING EDITOR**
Pastor Alex Samson Sam, B.Th., M.Div.
**GENERAL MANAGER**
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.
**ADMINISTRATION**
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
**EDITORIAL BOARD**
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.
**EDITOR, PUBLISHER & PRINTER**
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
**E.MAIL**
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
**WEBSITES**
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
**YOUTUBE CHANNEL**
Echo of His Call

प्रभुमा प्रियहरू,
हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा हामी तपाईं सबैलाई अभिवादन गर्दछौं ।



*Christmas function at St. Paul's Matriculation School*

विगतको महिनामा परमप्रभुले हाम्रा सम्पूर्ण सेवकाइहरूलाई अनुग्रहपूर्वक आशिष् दिनुभएको छ । जसै हामी यो महिनामा प्रवेश गरेका छौं, हाम्रा धेरै बाहिरी केन्द्रहरू र स्थानीय सेवकाइहरूले पूर्णता पर्खिरहेको छ ।



*YouTube Ministry Team*

**सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** भएको ख्रीष्टमस कार्यक्रममा हाम्रो सचिव डा. पी.इ.आर. प्रेमचन्दले वचनको सेवकाइ गर्नुभएको थियो । यसका अतिरिक्त, हाम्रा **नहेम्याह बाइबल कलेजहरूका** विद्यार्थीहरू र हाम्रा मण्डलीका विश्वासीहरूले डिसेम्बर महिनाभरि विभिन्न आउटरीच सेवकाइहरू संचालन गरेका थिए । गत वर्ष, हाम्रो यूट्युब सेवकाइमा महत्वपूर्ण रूपमा वृद्धिको गवाही हामी बनेका छौं । यी सन्देशहरूद्वारा संसारभरि रहेका धेरै मानिसहरू आशिषित भएका थिए । यो सेवकाइमा विश्वासयोग्यपूर्वक संलग्न भएका हाम्रा कर्मचारीका निम्ति प्रार्थना गरिदिन हामी विनम्रतापूर्वक आग्रह गर्दछौं ।

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ▫ BIBLECOR - Postal Courses (3 languages) ▫ YouTube Ministry ▫ Online Courses ▫ Theological Correspondence Courses (2 languages) ▫ Church Planting ▫ Nehemiah Bible Colleges ▫ Gospel Printing Press ▫ Great Commission Partners ▫ St. Paul's Matriculation School ▫ Crusades ▫ Community Development

हामीले मण्डलीमा अतिरिक्त हिन्दी सेवकाइ पनि सुरुवात गरेका छौं, विशेष गरी हिन्दी बोल्ने आप्रवासी कामदारहरूका निम्ति । हरेक बुधबार साँझ ७ बजे हिन्दी प्रार्थना संगति संचालन भइरहेका छन् । यो अर्थपूर्ण र अत्यन्तै आवश्यक सेवकाइको निम्ति हामी तपाईंको प्रार्थनाको आग्रह गर्दछौं । कृपया तपाईको प्रार्थनामा हाम्रा सेवकाइहरू र कार्यालयका कर्मचारीहरूलाई सम्झिदिनुहोला किनकि उहाँहरूले विभिन्न कठिनाइ र चुनौतीका बाबजुद पनि इमानदारपूर्वक निरन्तर सेवा गरेका छन् ।

तपाईंको अमूल्य प्रार्थना र उदार सहायताको कारण हाम्रा सबै सेवकाइहरूले प्रगति गरिरहेका छन् ।

तपाई सबैसँग परमेश्वरको अनुग्रह रहून् । आमेन ।


खीष्ट येशूमा तपाईंको सेवक,

*पा. एस. साम सेल्भाराज,*

इमेल: sam@echoofhiscall.org


*पृष्ठ १ बाट*

## सुरुवात राम्रो गरेका तर अन्त्य राम्ररी नगरेका राजा

यो सत्यताले मलाई राजा अमस्याहको याद आएको छ, जसले बलियो तरिकाले आफ्नो यात्रा सुरु गरे तापनि तिनको अन्त्य वियोगान्त थियो । पवित्रशास्त्रले यसको कारण स्पष्ट रूपमा प्रकट गर्दछ:

**तिनले परमप्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही गरे तर पूरा मनले त होइन** (२ इतिहास २५:२) ।

## अमस्याह को थिए ?

- ◈ अमस्याह राजा योआशका छोरा थिए, जो सात वर्षको उमेरमा राजा बनेका थिए ।
- ◈ तिनी यहूदाका नवौं राजा थिए
- ◈ तिनको कथा २ राजा १४ अध्याय र २ इतिहास २५ अध्यायमा अभिलेख गरिएको छ ।



*9th King of Judah*

बाइबलले हामीलाई केही महत्वपूर्ण कुरा बताएको छ- अनि अझै गहिरो चासोको साथमा:

**तिनले परमप्रभुको दृष्टिमा जे सही थियो, त्यही गरे... तर वफादार हृदयको साथमा होइन ।**

- ◈ वफादार हृदयबिना परमेश्वरको सेवा गर्नु भनेको अर्थ के हो ?
- ◈ परमेश्वरको अघि सही काम गर्ने र अझै पूर्णरूपमा समर्पण नहुने कुरा के सम्भव छ ?
- ◈ हाम्रा हृदय विभाजित भए पनि बाहिरी रूपमा के हामीले परमेश्वरको सेवा गर्न सक्छौं ?

पवित्रशास्त्रमा अमस्याह सबैभन्दा भयानक राजाहरूमध्ये एक थिए- तिनी दुष्ट भएको हुनाले होइन तर किनभने तिनी अत्यन्तै असल थिए, आंशिक आज्ञाकारी र आधा मन भएका व्यक्ति थिए ।

- तिनले आज्ञा पालन गरे
- तिनले भलाइ काम गरे
- तिनले परमेश्वरको आज्ञाहरू पछ्याए

तापनि तिनको हृदय पूर्णरूपमा समर्पित थिएन ।

यो केवल अमस्याहको कथा होइन- यो आज धेरै विश्वासीहरूको कथा हो । हामी परमेश्वरलाई प्रेम गर्छौं । हामी उहाँलाई पछ्याउँछौं । तापनि हाम्रो जीवनका त्यस्तो क्षेत्रहरू हुन सक्छन्, जहाँ हामीले उहाँलाई बाहिर राखेका छौं ।

हामीले हुन सक्छ:

- मण्डलीमा सहभागी हुन्छौं
- विश्वासयोग्यपूर्वक सेवा गर्छौं
- भेटी दिन्छौं
- आवश्यकतामा परेकालाई सहायता गर्छौं
- धेरै क्षेत्रहरूमा आज्ञा पालन गर्छौं

तर प्रमुख प्रश्न अझै बाँकी रहन्छ:

परमेश्वरको अघि हाम्रो हृदय कहाँ छ ?




# अत्यन्तै जरुरी सूचना

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले विना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**

**10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India**

**Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org**

मेरो बुबाले प्रायः भन्नुहुन्थ्यो, आंशिक आज्ञापालन पूर्णरूपमा अनाज्ञाकारीता हो ।


यो वर्षको सुरुवातमा नै, हामीले सन् २०२६ लाई राम्रो तरिकामा अन्त्य गर्ने चाहना गर्छौं भने हामीले एउटा प्रश्न सोध्नुपर्छ

के मैले वफादार हृदयको साथमा वा त्यसविना नै सही काम गरिरहेको छु ?

## अमस्याहको जीवनबाट पाठहरू

मलाई यहूदा र इस्राएलका राजाहरूको जीवनमा मनन गर्न मलाई मन पर्छ । तिनीहरूका कथाहरूले हाम्रो आफ्नै जीवनको निम्ति शक्तिशाली पाठ र ऐना प्रदान गर्दछ । अमस्याहले राम्रो सुरुवात गरे तर अघि बढ्दा केही गलत भएको थियो- अनि त्यसले गम्भीर परिणामतिर लगेको थियो ।





*Amaziah began well but, he did not finish well*

## १. समर्पणता-

### अमस्याहले राम्रो सुरु गरे ।

(२ इतिहास २५:१-१०)

**तिनले परमप्रभुको दृष्टिमा जे कुरा असल थियो, त्यही गरे, तर तिनका पुर्खा दाऊदले गरेजस्तै त होइन । सबै कुरामा तिनले आफ्ना पिता योआशले गरेझैं गरे** (२ राजा १४:३) ।

अमस्याहले बलियो सुरुवात गरेका थिए र विभिन्न क्षेत्रहरूमा आज्ञाकारीता प्रदर्शन गरेका थिए ।



*Amaziah followed the example of his father Joash, but not as King David*

### क. परमेश्वरको वचन र न्यायमा आज्ञाकारीता

जब अमस्याह सिंहासममा आए, तिनले आफ्नो बुबाको हत्या गर्नेहरूमाथि न्याय गरेका थिए । तापनि, परमेश्वरको व्यवस्थालाई पालन गर्दै तिनले तिनीहरूका छोराछोरीलाई मारेका थिएनन् ।

**बुबाहरूलाई छोराछोरीहरूका निम्ति र छोराछोरीहरूलाई बुबाहरूका निम्ति नमार्नू** (व्यवस्था २४:१६) ।

**यसको निम्ति साहस चाहिन्छ । तिनले प्रतिशोधको डर मान्न सक्थे तर तिनले आज्ञाकारीताको छनोट गरे** (२ राजा १४:६)

**रानी अतल्याहले** (२ राजा ११:१) सबै सम्भावित उत्तराधिकारीलाई मारेकी थिइन्, अमस्याहले परमेश्वरको व्यवस्थाको आदर गरे ।

तिनले राम्रो सुरुवात गरेका थिए ।

### ख. व्यक्तिगत नोक्सानी भए पनि आज्ञाकारीता

अमस्याहले महंगो लगानीमा इस्राएलबाट १००,००० सैनिकहरू ल्याएका थिए । जब अगमवक्ताले तिनलाई ती मानिसहरू प्रयोग नगर्न निर्देशन दिएका थिए, अमस्याहले इमानदार प्रश्न सोधेका थिए:

**...तर इस्राएली सेनाको निम्ति खर्च गरेको त्यो एक सय तोडाको विषयमा चाहिँ म के गरूँ ?...** (२ इतिहास २५:९) ।

अगमवक्ताले जवाफ दिए:



*But what about the hundred talents I paid?*

**परमेश्वरले तपाईंलाई त्यसभन्दा बढी दिन सक्नुहुन्छ** (२ इतिहास २५:९) ।

आज्ञापालन गर्दा तिनले ठूलो नोक्सानी सहेका थिए, तापनि अमस्याहले सुने । तिनले सैनिकहरूलाई फिता घर पठाए र परमेश्वरमाथि भरोसा गरे ।

आज्ञाकारीता सधैं अमूल्य हुन्छ- तर अनाज्ञाकारीता त्योभन्दा धेरै हुन्छ ।

यो बिन्दुमा अमस्याह परमेश्वरको आज्ञा पालन गर्ने राजाजस्तो देखिएका थिए र तिनले परमेश्वरको आदर गरे । तापनि पवित्रशास्त्रले हामीलाई चेतावनी दिन्छः

बाँकी पृष्ठ ६ मा

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

**PRAISE & PRAYER POINTS - From February 19, 2026 To March 18, 2026**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

फेब्रुअरी १९: हाम्रो **बोलावटको प्रतिध्वनि यूट्यूब च्यानलको** निरन्तर प्रशारणमा हामीलाई सहायता गर्ने अचम्मको मिडिया टोलीको निम्ति ।

फेब्रुअरी २०: हाम्रा साझेदारहरुको नैतिक र आर्थिक सहायताको साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

फेब्रुअरी २१: हाम्रो २०२६ मासिक भित्तेपात्रो र प्रतिज्ञा कार्ड छाप्न र पठाउने काम पूरा गर्न हामीलाई दिनुभएको अनुग्रहको निम्ति ।

फेब्रुअरी २२: **नहेम्याह बाइबल कलेजहरू र सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** भएको हाम्रो विशेष ख्रीष्टमस र नयाँ वर्षका कार्यक्रममा आशिष् दिनुभएको निम्ति ।

फेब्रुअरी २३: हाम्रो मण्डलीका सबै क्रियाकलापहरुमा उत्साहको साथमा सहभागी हुने जवानहरूलाई आशिष् दिनुभएको निम्ति ।

फेब्रुअरी २४: बहुसंख्यक भाषा बोल्ने सुसमाचार नपुगेका मानिसहरुकहाँ सुसमाचार पुऱ्याउने हाम्रो मिडिया सेवकाइ र **बोलावटको प्रतिध्वनि यूट्यूब च्यानलमा** दिनुभएको आशिष्को निम्ति ।

फेब्रुअरी २५: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरुमाथि परमप्रभुको कृपाको निम्ति ।

फेब्रुअरी २६: हाम्रो मण्डली सेवकाइलाई अझ व्यवस्थित तरिकामा काम गर्न आशिष् दिनुभएको निम्ति ।

फेब्रुअरी २७: सबै प्रकारका दुष्ट शक्तिबाट हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई बचाउनुभएको निम्ति ।

फेब्रुअरी २८: हाम्रो **बोलावटको प्रतिध्वनिका** कर्मचारी र उहाँका परिवारहरूलाई सुस्वास्थ्य र ईश्वरीय सुरक्षा दिएर आशिष् दिनुभएको निम्ति ।

मार्च १: हाम्रो **बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय पत्राचार कोर्सको** वृद्धिको निम्ति ।

मार्च २: मुख्य मण्डली र शाखा मण्डलीहरुमा हाम्रो आइतवारको सेवामा परमेश्वरको वचनको शक्ति प्रदर्शनको निम्ति ।

मार्च ३: हाम्रो छापाखानामा १६ वटा भाषामा हाम्रो समाचारपत्र छाप्न र प्रकाशन गर्न र ती मिसन क्षेत्रमा पठाउन हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

मार्च ४: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** प्रधानाध्यापक, शिक्षकहरू र अन्य कर्मचारी सदस्यहरूलाई आशिष् दिनुभएको निम्ति ।

## कृपया प्रार्थना गरौं...

मार्च ५: ख्रीष्टियान प्रचारकरूले बिना कुनै मिलावट परमेश्वरको वचन सिद्ध रुपमा प्रचार गर्न ।

मार्च ६: शैक्षिक सत्र २०२६-२७ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजहरूका** निम्ति योग्य विद्यार्थीहरुको भर्नाको निम्ति ।

मार्च ७: शैक्षिक सत्र २०२६-२७ को निम्ति हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** निम्ति नयाँ विद्यार्थीहरुको भर्नाको निम्ति ।

मार्च ८: देशका बालबालिका र युवाहरूले आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा येशू ख्रीष्टलाई स्वीकार गरून् ।

मार्च ९: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

मार्च १०: वृद्धाश्रममा भएका वृद्धहरुको स्वास्थ्य र शान्तिको निम्ति ।

मार्च ११: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** १० कक्षाका विद्यार्थीहरूले आफ्नो अन्तिम परीक्षामा राम्रो परिणाम हासिल गरून् ।

मार्च १२: हाम्रो **बोलावटको प्रतिध्वनि यूट्यूब** सर्टहरू सुसमाचार नसुनेका मानिसहरुकहाँ पुग्न सकून् ।

मार्च १३: हाम्रा **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरूले सफलतापूर्वक दीक्षान्त पूरा गर्न सकून् ।

मार्च १४: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरुका जीवनमा निरन्तर उहाँको कृपाको खन्याइको निम्ति ।

मार्च १५: लडाइँबाट संसारका देशहरूको ईश्वरीय सुरक्षाको निम्ति ।

मार्च १६: संसारभरि भएका मिसनरीहरूको ईश्वरीय सुरक्षाको निम्ति ।

मार्च १७: सबै देशहरुमा परमेश्वरको आशिष् र तिनीहरूको आर्थिक विकासको निम्ति ।

मार्च १८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारको सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिबाट सुरक्षाको निम्ति ।

....Contd. from page 4



*Amaziah sent the soldiers home*

तिनले सही गरे... तर तिनको हृदय इमानदार हृदयको साथमा होइन ।

## ग. पूर्ण समर्पणताबिना समर्पण



*'Shalem' means fully surrendered*

अमस्याह दुष्ट वा विद्रोही थिएनन् । तिनले आफ्नो बुबा योआशलाई पछ्याए- दाऊदले जस्तो होइन, जसले परमेश्वरलाई पूर्ण हृदयले सेवा गरेका थिए ।

तिनले राम्रो सुरुवात गरेका थिए तर परमेश्वरले असल सुरुवात गर्नेलाई हेर्नुहुन्न तर असल पूरा गर्नेहरूलाई हेर्नुहुन्छ । अमस्याहले सही गरे तर तिनको हृदय इमानदार थिएन ।

हिब्रु शब्द शालेमको अर्थ, पूर्ण, पूरा, अविभाजित, पूर्ण समर्पणता हो ।

अमस्याहको समस्या आंशिक आज्ञाकारीता थियो । तिनले परमेश्वरलाई बाहिरी रूपा मात्रै पछ्याए तर आफ्नो हृदयका केही क्षेत्रहरूलाई अलग्ग राखे ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, यस्तो कुरा सम्भव छ

- दशांश दिन
- विश्वासयोग्य रूपमा सेवा गर्न
- नैतिक रूपमा जिउन

तैपनि घमण्ड, क्षमा नदिने, वासना, कुरा काट्ने, लुकेका पाप र आफैंले शासन गर्ने कुरामा टाँसिरहन सकिने ।



*One should be deeply rooted and bear fruit upwards*

भित्री समर्पणताबिना बाहिरी आज्ञाकारीताले आत्मिक रित्तोपनामा लैजान्छ । कुनै पनि व्यक्ति गहिरो रूपमा जरा गाडिएको र फल फलाउनुपर्छ ।

## २. सम्झौता -

**तिनले अनुमति दिएको कुराले अन्त्यमा तिनलाई नष्ट गर्‍यो**

(२ इतिहास २५:११-१६)

**तपनि डाँडाका अल्गा-अल्गा थानहरू तिनले हटाएनन्...** (२ राजा १४:४) ।

अमस्याहले नष्ट गर्नुपर्ने कुरालाई सहन गरे ।



*Amaziah brought back their idols and worshipped them*

....Contd. to page 8

नहेम्याह साँझको बाइबल कलेज

योग्यताः दश कक्षा र सोभन्दा माथि

भर्नाको लागि छिट्टो गर्नुहोस् । चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ

ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology

माध्यमः तामिल (Part Time) Hindi (Residential) (Sponsorship Available)

विगत ५६ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Youth Meeting : 11.00 a.m. Sunday**
18. **Fellowship Lunch : 1.00 p.m. Sunday**
19. **Telugu Service : 4.00 p.m. Sunday**
20. **Hindi Service : 5.00 p.m. Sunday**
21. **Tamil & English Service : 6.00 p.m. Sunday**
22. Feedback Time : 7.30 p.m. Sunday
23. Women's Prayer : 5.30 p.m. Wednesday
24. Hindi Prayer : 7.00 p.m. Wednesday
25. Men's Prayer : 7.30 p.m. Friday
26. Discipleship Meeting : 6.00 p.m. Saturday
27. House Meetings : 6.30 p.m. Tuesday & Thursday
28. Special Holy Communion : 6.00 a.m. 1st day of each month
29. Ministers' Meeting : 5.30 p.m. First Saturday
30. Parents' Prayer : 4.00 p.m. First Sunday
31. Night Prayer : 9.30 p.m. Third Friday
32. Fasting Prayer : 9:30 a.m. Second Saturday
33. Holy Communion : Second Sunday Service
34. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
35. Staff Devotion : 9.00 a.m. daily
36. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैहृख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं । तपाईले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ । तपाईले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ । **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन ।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईले सेवकाइमा प्रमाणपत्र पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरुमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/ चेकहरू/ मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।

## मेरो दुर्दशालाई विचार गर्नुहुने प्रभु

**उहाँले हामीलाई हाम्रो दुर्दशामा स्मरण गर्नुभयो: उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ (भजनसंग्रह १३६:२३) ।**

मेरो सेवकाइका सुरुका दिनहरूमा, विदेशी देशमा केही दिनको निम्ति मेरो साथीमध्ये एकको परिवारसँग म बस्नुपरेको थियो । उहाँहरूले मेरा सारा आधारभूत आवश्यकताहरू प्रदान गर्नुभयो र त्यहाँ मेरो बसाइँलाई आरामदायी बनाइदिनुभयो ।

एक साँझ मलाई आफ्नो घरमा राख्नुभएको मेरो साथी मेरो कोठामा आउनुभयो र भन्नुभयो, तपाईंले केही विशेष आवश्यकताको निम्ति परमेश्वरमा प्रार्थना गरिरहनुभएको मैले महसुस गरेको छु । त्यो के हो, म जान्न सक्छु ? त्यसको बारेमा मलाई तपाईंले बताउनुहुन्छ कि ? मैले जवाफ दिएँ, हामीले **बोलावटको प्रतिध्वनि** हाम्रो समाचारपत्र अरूको छापाखानामा छापिरहेका छौं ।

यस समाचारपत्रलाई समयमा नै प्रकाशन गर्न हामीलाई अत्यन्तै कठिन भएको हुनाले एउटा अफसेट छाप्ने मेसिनको निम्ति ठूलो बोझको साथमा मैले प्रार्थना गरिरहेको छु । त्यो आवश्यकताको निम्ति उहाँले पनि प्रार्थना गर्नुहुनेछ भनेर उहाँले जवाफ दिनुभयो । अर्को दिन, म सेवकाइको निम्ति उक्त घरबाट जाँदैथिएँ, मेरो साथी र उहाँको पत्नी मकहाँ आउनुभयो । उहाँहरूले मलाई कागजात देखाउनुभयो, जसमा उहाँहरूको निवेदन र बैंकलाई घोषणा गरिएको कागजात समावेश थिए, जसमा उहाँहरूले ठूलो रकम प्राप्त गर्न आफ्नो घरलाई धितो राख्ने निर्णय गर्नुभएको थियो, जसबाट उहाँहरूले **बोलावटको प्रतिध्वनि** सेवकाइको निम्ति आवश्यक मेसिन किन्न चाहनुभएको थियो ।

मेरो आत्मामा म अचम्मित भएँ र खलबलि भयो र मैले उहाँलाई दृढनिश्चयताको साथमा भनें, म तपाईंको पैसा स्वीकार गर्नेछैनँ, तपाईंले त्यो बैंकबाट ऋणको रूपमा लिन लाग्नुभएको छ ।

त्यो परिवार मेरो प्रतिक्रियामा अचम्मित भएको थियो । उहाँहरूले मलाई संसारमा जिउने तरिका थाहा नभएको मानिसको रूपमा वर्णन गर्नुभयो । त्यो भेटीलाई स्वीकार गर्न मलाई निरन्तर प्रयास गर्नुभयो । तर म आफ्नो निर्णयमा दृढ थिएँ र निरन्तर प्रार्थना गरें । केही दिनपछि म भारत फर्कें । प्रभुले मेरा गरिब भारतीय साथीहरूका हृदयमा प्रेरणा दिनुभयो र उहाँहरूले दिनुभएका भेटीले पछि मैले राम्रो अफसेट मेसिन किन्न सकेको थिएँ ।

म अनुभव लिन र चाख्न सक्छु कि परमप्रभु भलो हुनुहुन्छ (भजनसंग्रह ३४:८) । हितोपदेश २८:२० अनुसार प्रभुको अनुग्रहले मलाई समातेको छ । **विश्वासनीय मानिसले बेसरी आशिष् पाउनेछ ।** **बोलावटको प्रतिध्वनि** सेवकाइमा नियमित, निश्चित आम्दानी नभए पनि उहाँमा हाम्रो विश्वासको साथमा प्रभुले सारा आवश्यकता पूरा गर्नुहुन्छ । सम्पूर्ण महिमा र प्रशंसा परमेश्वरलाई नै होस् । आमेन ।

*************

पृष्ठ ६ बाट

सम्झौता सधैं सानोमा सुरु हुन्छ- तर हामीले आज सहने कुराले हामीलाई भोलि शासन गर्नेछ ।

### क. विजयपछि घमण्ड

**एदोमीहरूलाई परास्त गरेर फर्केपछि अमस्याहले सेइरका मानिसहरूका देवताहरू ल्याएर आफ्नै देवता बनाए** ( २ इतिहास २५:१४) ।

यसको बारेमा सोच्नुहोस्:

परमेश्वरले तिनीहरूलाई विजय दिनुभयो

- घमण्डको प्रवेश भयो
- छुट्याउने कुराले छोड्यो
- सम्झौताले पछ्यायो

तिनी पराजित गरेका मानिसहरूका देवताअघि निहुरे । यसरी छली पाप हुन सक्छ ।

### ख. सुधार गर्न इन्कार

सुरुवातमा अमस्याहले सुधारलाई स्वीकार गरेका थिए । अब, तिनी घमण्डले भरिएका थिए, तिनले सुधार इन्कार गरे ।

**...आफ्नै भक्तहरूलाई त तपाईंको हातबेखि बचाउन नसक्ने देवताहरूको पछि तपाईं किन लाग्नुभयो** (२ इतिहास २५:१५) ।

अमस्याहले लापरवाही साथ प्रतिक्रिया दिए:

**के हामीले तिमीलाई राजाका सल्लाहकार नियुक्त गरेका हौं र** (२ इतिहास २५:१६) ।

तिनको व्यवहारमा कस्तो भिन्नता । हामीले परमेश्वरको सुधार सुन्न रोकिएको क्षणमा नै हामी विनाशतर्फ हाम्रो यात्रा सुरु हुन्छ ।

त्यो सहज हुँदा तिनले आज्ञापालन गरेका थिए तर जब आज्ञाकारीता असहज बन्यो, तब तिनले त्यो इन्कार गरे । सबैभन्दा पहिले हामीलाई नष्ट गर्ने यो पाप होइन- परमेश्वरको सुधार स्वीकार गर्न इन्कार गर्नुचाहिं हो । यो वर्षको निम्ति मेरो प्रार्थना यही हो कि हरेक

कदममा परमेश्वरको आवाज सुन्न र उहाँका मार्गमा विश्वासयोग्यपूर्वक हिँड्न परमेश्वरले हामीलाई सहायता गर्नुहुनेछ ।

**तिमीहरू दाहिने अथवा देब्रे लाग्दा तिमीहरूका कानले तिमीहरूका पछिल्तिर यसो भन्ने आवाज सुन्नेछौ, बाटो यही हो, यसैमा हिँड** (यशैया ३०:२१) ।

सबैभन्दा माथि, हामीले पूर्णरूपमा समर्पण गर्न र निर्देशन दिने आवाजको आज्ञापालन गर्न सिक्नुपर्छ ।

### ग. सम्झौताले घमण्ड, विद्रोह र अन्धोपनातिर लैजान्छ

सम्झौताले खतरनाक चेन रियाक्सन उत्पन्न गर्न:

- घमण्ड
- मूर्तिपूजा
- सल्लाहलाई इन्कार
- आफैमा निर्भर
- चेतावनीहरू इन्कार गर्ने
- मूर्ख निर्णयहरू

समर्पणताबिनाको समर्पणले सधैं सम्झौतातिर लैजान्छ ।

## ३. परिणाम–

### तपाईंले समर्पण नगर्नुभएको कुराले नै तपाईंलाई नष्ट पार्नेछ

(२ इतिहास २५:१७-२८)

### क. परमेश्वरले अनुमति नदिनुभएको लडाईं

आफ्नो सफलताको घमण्डमा अमस्याहले इस्राएलका राजालाई लडाइँको लागि चुनौति दिए । परमेश्वर तिनीसँग हुनुहुन्नथ्यो ।

परमेश्वरबिनाको आत्मविश्वास खतरनाक हुन्छ । सफलता नै परमेश्वरको स्वीकृतिको प्रमाण थियो भनेर तिनले अनुमान गरे । इस्राएलका राजाले तिनलाई दृष्टान्तको साथमा चेतावनी दिए तर अमस्याहले त्यो इन्कार गरे । जब कुनै व्यक्तिको हृदय परमेश्वरमा समर्पित भएको हुँदैन, तब उसले हरेक जनाको कुरा सुन्न बन्द गर्छ, परमेश्वरले पठाउनुभएको व्यक्तिको पनि ।

### ख. बुद्धिमानी चेतावनीलाई इन्कार

शत्रुले पनि अमस्याहको घमण्ड पहिचान गरेका थिए:

**तिम्रो शेखी बढ्यो । आफ्नो घरमा नै बसिरहनू** (२ इतिहास २५:१९) ।

जब घमण्डले हामीलाई सत्यतामा अन्धो बनाउँछ, तब हामीले सामान्य कुरा पनि सुन्न छोड्छौं । यो मूर्खताबाट परमप्रभुले हामीलाई जोगाऊन् ।



*Jerusalem's wall was broken*

### ग. अमस्याहको निम्ति पूर्ण पतन

सम्झौताको कारण:
उसको सेना पराजित भएको थियो

- यरूशलेमको पर्खाल भत्किएको थियो
- मन्दिरमा लुटपाट भएको थियो
- तिनी समातिएका थिए
- तिनको जीवन शर्म र षड्यन्त्रमा अन्त्य भएको थियो

समर्पणताको साथमा सुरु गरेका व्यक्तिको पूर्णरूपमा तोडिएको अन्त्य भएको थियो ।

किन ?

किनभने तिनले सही गरेका थिए- तर तिनको हृदय वफादार थिएन ।

अन्त्यमा ती पतन भएका थिए- सानो सम्झौताहरूबाट ।

समर्पणता --- सम्झौता --- परिणाम

### क. अन्तिम बोलावट: पूर्ण समर्पणता छान्नुहोस्

प्रिय मित्रहरू, परमेश्वरले सिद्धताको माग गर्नुहुन्न- तर उहाँले पूर्ण भक्तिको निम्ति बोलाउनुहुन्छ ।

समर्पणता असल हो

- आंशिक समर्पणता खतरनाक हुन्छ
- सम्झौता वृद्धि हुनेछ
- परिणामहरूले पछ्याउनेछ

प्रेम र कृपाद्वारा परमेश्वरले हामीलाई बोलाउनुहुन्छ:

तिमीलाई बचाउन सक्ने कुरातिर किन फर्कन्छौ ? फर्क । पूर्णरूपमा समर्पित होऊ ।

येशूले क्रूसमा आफ्नो जीवन दिनुभयो ताकि तपाईं र म पूर्णरूपमा समर्पित जीवन जिउन सकौं ।

फर्क । पूर्णरूपमा समर्पित होऊ ।

परमेश्वरतिर फर्कनुहोस्- उहाँले आफ्नो खुल्ला अँगालोको साथमा पर्खिरहनुभएको छ । चिप्लने मार्गमा नहिँडौं, जसले अमस्याहलाई विनाशतिर लगेको थियो । यी कारणले गर्दा ख्रीष्ट संसारमा आउनुभयो र तपाईं र मलाई छुटकारा दिलाउन कलवरीको क्रूसमा आफ्नो जीवन अर्पनुभयो ।

## मनन गरौं

- के हामी केही क्षेत्रहरूमा समर्पित छौं तर अरूमा सम्झौता गरेका छौं ?
- कस्ता उच्च स्थानहरू हामीले ढलाएका छैनौं- तीतोपना, गोप्य बानीहरू, कुलतहरू ?
- हाम्रो हृदयका कुन भाग परमेश्वरप्रति पूर्ण वफादार छैन ?

वफादार हृदयको साथमा परमप्रभुको दृष्टिमा सही भएको कुरालाई गर्दै सन् २०२६ लाई पूरा गर्न संघर्ष र प्रार्थना गरौं ।

************

**NOTICE**

Save our mobile numbers (+91) 98410 71858, (+91) 98412 71858 (main numbers) in your mobile phones.

- Editor

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

## OUR QR CODE:

ECHO OF HIS CALL

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th FEBRUARY 2026.

If un-delivered please return to:

**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

## *JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**